बलवा नगरपालिका

Balwa Municipality

# नगर कार्यपालिकाको कार्यालय

Office of the Municipal Executive

बलवा, महोत्तरी

Balwa, Mahottari

मधेश प्रदेश, नेपाल

Madhesh Province, Nepal

पत्र संख्या (Letter No.). : २०८२/०८३

चलानी नं. (Ref No.) :-

मिति (Date):- २०८२/०४/२०

विषय (Subject):- आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त सम्वन्धी सूचना ।

चौथों पटक

उपरोक्त सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको तपसिलको पोखरीहरुमा मत्स्य पालन व्यवस्थापन गर्न आ.व.२०८२/०८३ मा देहाय बमोजिमका आन्तरीक आय संकलन, ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी बोलपत्र आवहान सुचना सो ऐन नियम बमोजिम इच्छुक व्यक्ति, फर्म, वा कम्पनीहरुबाट तोकिएका शर्तहरुको अधिनमा रही रित्त-पुर्वक शिलबन्दी बोलपत्र सूचना प्रकाशन भएको १५ (पन्द्रह) दिन भित्र तोकिएको शर्तको अधिनमा रही रित-पुर्वक गोप्य शिलबन्दी बोल-पत्र दाखिला गर्न यो सुचना आवहान गरिएको छ ।

| क.सं. | पोखरीहरुको नाम | ठेगाना | साबिक ठेक्का अंक रु. | १०% घटाई रकम रु. | हाल कायम न्युनतम रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | सरकारी पोखरी | बलवा न.पा. –०७ | १०,३४,०००/- | १,०३,४००/- | ९,३०,६००/- | १,५००/- |
| २. | भुजुंगी पोखरी | बलवा न.पा. –०७ | १०,३४,०००/- | १,०३,४००/- | ९,३०,६००/- | १,५००/- |
| ३. | तिलगढ पोखरी | बलवा न.पा. –०४ | ९,९५,५००/- | ९९,५५०/- | ८,९५,९५०/- | १,५००/- |
| ४. | माईस्थान पोखरी | बलवा न.पा. –०६ | ९,९६,६०१/- | ९९,६६०/१० | ८,९६,९४०/९० | १,५००/- |
| ५. | ठुलो पोखरी | बलवा न.पा. –०६ | ३,००,०००/- | ३०,०००/- | २,७०,०००/- | १,५००/- |

शर्तहरु :

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन भित्र कार्यालय समयभित्र उल्लेखित बोलपत्र दस्तुर वापत रकम र टिकट वापत रु. १५/- (पछी फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको बोलपत्र फारममा उल्लेख भएका सबै विवरणहरु प्रस्टसंग अध्ययन गरी अंक र अक्षरमा प्रस्ट हुने गरी बोलपत्र फारम भरी प्रत्येक पानामा सहि/छाप गरी शिलबन्दी गरी खाम बाहिर सुचनामा उल्लेख भएका ठेक्का क.सं. ठेक्काको नाम विवरण र प्रेषकको नाम तथा ठेगाना प्रस्टसंग लेखि १६ (सोर्हौ) दिन दिनको १०:०० बजे देखि २:०० बजे सम्ममा टेण्डर दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता हुन आएका बोल-पत्र १६ (सोर्हौ) दिनको, दिनको २:००(दुई) बजे पछी नगरकार्यपालिकाको कार्यालयमा बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । उक्त समयमा बोलपत्र दाता वा निजका प्रतिनिधि उपस्थिति नभएमा पनि रितपूर्वक बोलपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।

३. प्रत्येक ठेक्काको छुटाछुटै बोलपत्र फारम खरिद गरी दर्ता गर्नुपर्नेछ ।

४. म्याद नाघी वा रित नपुग प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

बलवा नगरपालिका
Balwa Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
बलवा, महोत्तरी
Balwa, Mahottari
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या (Letter No.). : २०८२/०८३
चलानी नं. (Ref No.) :-

५. शिलबन्दी बोलपत्र फारम साथ आफुले कबोल गरेको ठेक्का रकम अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरीक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको १२७०१००३०३०००००२ को धरौटी खातामा दाखिला गरेको सक्कल बैंक भौचर संलग्न राख्नु पर्नेछ ।

६. बोलपत्र फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पस्ट हुने उल्लेख भएको हुनु पर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. ठेक्का बापत नेपाल सरकारलाई बुझाउनु पर्ने कर दस्तुर बोल-पत्र बुझाउने स्वेमले बुझाउनु पर्नेछ र सो को प्रमाण अनिवार्य रुपले कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. पोखरीहरुको किस्ता रकम ३ (तिन) किस्तामा रकम दाखिला गर्नु पर्नेछ र धनजमानी समेत राख्नुपर्नेछ ।

९. पोखरीको हकमा ठेक्का अवधि २०८२ साल श्रावण महिना देखि २०८५ सालको असाढ मसान्त सम्म ३ (तीन) वर्षको हुनेछ ।

१०. ठेक्का सम्झौत्ता गरेपछि सम्झौत्तामा तोकिएको मितिबाट ३ (तीन) वर्षको लागि मात्र ठेक्का संचालन गर्न पाइनेछ ।

११.उल्लेखित मितिमा विभिन्न कारणबस विदा परेमा सो दिनको भोलिपल्ट ठेक्का सम्बन्धि कामकाज संचालन हुनेछ ।

१२.पर्न आएका बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई सम्पूर्ण अथवा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

१३.पोखरीको हकमा बोल-पत्र स्वीकृत रकम बमोजिमको जग्गा जमिन, धनजमानी वापत राख्नु पर्नेछ ।

१४.ठेक्का स्वीकृत भए पछी प्रथम किस्ता बुझाई ७ (सात) दिन भित्र चलन पुर्जी लिनुपर्नेछ ।

१५.ठेक्का स्वीकृत भई कार्यालयले मांग भए बमोजिम प्रथम किस्ता दाखिला गरी सम्झौत्ता गर्न नआएमा धरौटी रकम जफत गर्नेछ ।

१६.पोखरीहरुको देख-रेख, सर-सफाई, पोखरीको आकार-प्रकार र संरचनामा नबिगीरिने गरी ठेकेदारले नै गर्नुपर्नेछ ।

१७.यसमा उल्लेख भएका कुराहरुमा सोहि बमोजिम र यसमा उल्लेख नभएका कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, आर्थिक ऐन २०५५ र ततः सम्वन्धमा नियमावली २०५६ र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१८.बोलपत्र सम्बन्धी अन्य केहि कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको मो.नं. ९८५४०२९९२९ र ९८५४०२७८०३ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

..................
रमेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner